# सामुदायिक वन प्रमाणीकरण अभियानः एक समीक्षा

**भोला भट्टराई र नवराज दाहाल**

## परिचय

दिगो रूपमा व्यवस्थित वनबाट उत्पादित वन पैदावारको मात्र प्रयोग गर्न विश्वका जिम्मेवार जनमानस तयार हुन थालेपछि वन व्यवस्थापकहरुमा पनि जिम्मेवारी थपिन थालेको छ । वनको दिगो व्यवस्थापनले भावी पुस्तालाई समेत प्रकृतिको उपहार 'वन' जस्ताको तस्तै हस्तान्तरण गर्न सकिने भएको हुँदा विश्वमा नै वनको दिगो व्यवस्थापनको लहर सुरु भएको हो । वनको व्यवस्थापन गर्ने पक्ष र वन तथा वनजन्य पैदावारको प्रयोग गर्ने पक्ष दुवैले जिम्मेवारी महसुस गर्न थालेपछि वनको दिगोपना रहन सक्ने निश्चित छ । वनका व्यवस्थापकहरुद्वारा गरिएको वन व्यवस्थापन पद्धति दिगो वन विकासको सिद्धान्त अनुसार भएको कुरा प्रमाणित गर्ने प्रक्रिया नै वन प्रमाणीकरण हो । यो काम वनको व्यवस्थापक, सरकारी निकाय वा सेवा प्रदायकहरुबाट नभई तेस्रो तटस्थ पक्षको संलग्नतामा हुनु आवश्यक हुन्छ । उक्त तेस्रो पक्ष वन व्यवस्थापकसँग प्रत्यक्ष वा परोक्ष रुपमा सम्बन्धित हुनु हुँदैन । विशेषतः अमेरिका र यूरोपका अधिकांश मूलुकहरुका वन पैदावार र त्यसवाट उत्पादित वस्तु खरिदकर्ता व्यक्ति तथा निकायहरु दिगो वनबाट उत्पादित सामाग्री मात्र खरिद गर्न तत्पर भएका छन् भने विश्वका अन्य मुलुकहरुमा समेत यस्को प्रभाव दिनानुदिन बढ्दै गएको छ । दिगो रुपमा व्यवस्थित वनबाट उत्पादित वन पैदावरको चिन्ह (लोगो) अङ्कित सामाग्रीलाई बढीनै मूल्य तिरेर पनि खरिद गर्ने प्रचलनको कारण विश्व संरक्षणका खातिर वन प्रमाणीकरण अभियान महत्वपूर्ण मानिएको छ । त्यसै कारणले पनि वन प्रमाणीकरण कार्यक्रम सबैको साझा सवाल बनेको छ । विश्व परिवेशसँगै नेपालमा पनि प्रयोगात्मक परीक्षणको रुपमा वन प्रमाणीकरण कार्यक्रमको शुरुआत गरिएको छ । नेपालको वन क्षेत्र मध्ये "समुदायद्वारा व्यवस्थापन गरिँदै आएको सामुदायिक वन (सा.व.) दिगो रुपले व्यवस्थीत वन हो भनि सा.व. उपभोक्ता समूहहरुले दाबी गर्न थालेका छन् र यो विश्वकै लागि नयाँ अभियान भएको छ । तिनै उपभोक्ता समूहहरुद्वारा व्यवस्थित वन मध्ये प्रयोगात्मक रुपमा वझाङ र दोलखाका ११ ओटा सा.व.उपभोक्ता समूहले आफ्नो व्यवस्थापन पद्धति तथा सा.व. क्षेत्रको प्रमाणीकरण गरिदिन फरेष्ट स्टेवार्डसीप काउन्सिल नामक अन्तर्राष्ट्रिय संस्थासँग सामुदायिक वन उपभोक्ता महासङ्घ, नेपाल (फेकोफन) मार्फत अनुरोध गरेका छन् । यसरी नेपालमा पनि वन प्रमाणीकरण कार्यक्रम सुरुआत भएको सन्दर्भमा यस लेखमा कार्यक्रम कसरी सुरु भयो, के-के चरणहरु यसले पार गऱ्यो र यसका भावी चुनौती र सम्भावनाहरु के के देखिएका छन् भन्ने कुरालाई प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

## नेपालमा वन प्रमाणीकरणको पृष्ठभूमि

नेपालको वनक्षेत्रसँग सम्वन्धित विभिन्न खालका कार्यक्रम संचालन गरी रहेका सरकारी तथा गैह्र सरकारी सङ्घ संस्थाहरु मध्ये केही सङ्घ संस्थाहरुले विगत केही वर्षदेखि "नेपाल गैह्रकाष्ठ वन पैदावर नेटर्वक" नामक मञ्च गठन गरी नेपालको गैह्रकाष्ठ वन पैदावार (गै.का.व.पै.) सम्वन्धी नीतिगत तथा व्यवहारिक पक्षका सफलता र चुनौतीबारे अनुभवजन्य छलफलहरु गर्दै आएका छन् । एन्सावले समन्वय गरेको यस मञ्चले नेपालको सा.व. को सफलता, यसका सिकाइहरु, देखिएका चुनौतिहरु र सम्भावनाहरुको बारेमा चर्चा गर्नुका साथै व्यवहारिक एवम् नीतिगत कमी कमजोरी हटाउन श्री ५ को सरकारका निकायहरुलाई पृष्ठपोषण दिने काम गर्दै आएको छ । यस मञ्चमा रहेका वनका उपभोक्ता तथा उपभोक्ताका प्रतिनिधिमूलक संस्थाहरु, दातृसंस्थाहरु, समुदायमा आधारित उद्यमीहरु, सरकारी निकायहरु, उद्योगी व्यापारीहरु, परामर्शदाताहरु आदिको छलफल अनुसार नेपालमा वन प्रमाणीकरणको प्रयोगात्मक परीक्षण गर्ने ठहर गरे वमोजिम यो प्रक्रियामा वनसँग सम्बन्धित विभिन्न निकायहरुको ध्यान जान थालेको हो । यसै पृष्ठभूमिमा आधारित रहेर प्राइभेट पब्लिक एलाइन्स निर्माण गरी यो प्रक्रियाको थालनी गरिएको

थियो । उक्त एलाइन्समा एन्साव, फेकोफन, हिमाली जडीबुटी सरोकार समूह, हिमालयन वायो ट्रेड कम्पनी, गोरखा आयुर्वेद कम्पनी, वनस्पति विभाग, गैह्रकाष्ठ वन पैदावर समन्वय समिति/वनस्पती विभाग, एस. एन. भी. नेपाल, वन विभाग र नेपाल स्वीस सामुदायिक वन विकास परियोजना प्रतिनिधित्व रहेको छ ।

नियमित रुपमा २/२ महिनामा वैठक बस्ने यो एलाइन्सले वन प्रमाणीकरणको प्रक्रियालाई सिक्दै अगाडि बढ्ने प्रक्रियाको रुपमा लिएको छ । नेपालको सन्दर्भमा यो नितान्त नौलो प्रक्रिया भएकोले सुरुका दिनमा वन प्रमाणीकरणको अवधारणादेखि प्रक्रियासम्म स्पष्ट हुन धेरै समय लागेको थियो । एन्साब मार्फत एलाइन्सले विभिन्न राष्ट्रिय स्तरका तालिम, गोष्ठी, छलफल आदिको आयोजना गरी आवश्यक मानवीय स्रोतको विकास समेत गरेको छ । सुरुमा प्रमाणीकरणको अवधारणा के, किन, कसरी जस्ता विषयमा केन्द्रित तालिम सञ्चालन भएको थियो भने त्यसपछि नेपालको सन्दर्भमा सा.व. को प्रमाणीकरणको ढाँचा विकास गर्न सा.व.मा रहेका गै.का.व.पै. मा केन्द्रित प्रक्रिया अगाडि बढाइएको छ ।

वन प्रमाणीकरण प्रक्रिया अगाडि बढाउन आवश्यक पर्ने जनशक्तिको अभाव टड्कारो रुपमा देखिएकोले सो जनशक्ति परिपूर्ति गर्न स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरको तालिम, गोष्ठी तथा भ्रमणको आयोजना गरिएको थियो । राष्ट्रिय स्तरमा विदेशी प्रशिक्षकबाट सञ्चालित तालिम पश्चात् सहभागीहरु मध्येबाटै जिल्ला र स्थानीय स्तरका तालिम तथा गोष्ठीहरु सञ्चालन गरिएका थिए भने अन्तर्राष्ट्रियस्तरको तालिम तथा अध्ययन भ्रमणसमेत गराइ वन प्रमाणीकरण प्रक्रियाको लागि नेपालमा नै दक्ष जनशक्तिको उत्पादन गरिएको छ ।

अमेरिका तथा युरोपेली मुलुकहरुमा वन प्रमाणीकरणका प्रक्रियाहरुको सुरुआत भइसकेको छ । त्यहाँ व्यवस्थापन गरेका अधिकांश वन क्षेत्रहरु निजी स्वामित्वका हुन्छन् र प्रमाणीकरण प्रक्रिया पनि छुट्टाछुट्टै हुने गरेको छ भने नेपालमा हाल लागू गर्न लागेको ढाँचा भने समूह प्रमाणीकरण हो जुन प्रक्रियाको अहिलेसम्म कहीं पनि कार्यान्वयन गरिएको छैन । विश्वकै परिवेशमा पहिलोपटक समूहद्वारा व्यवस्थित वन प्रमाणित हुन लागेको यो प्रथम पटक हो । जुन सुकै विकासका अवधारणा तथा प्रविधिहरु प्रायः विकसित देशहरुबाट सुरुआत हुने र विकासोन्मुख देशहरुले त्यसैको अनुसरण गर्नु परिरहेको वर्तमान परिवेशमा समूह प्रमाणीकरणको प्रक्रिया नेपालले थालनी गरेकोले यसको सफलताले हुने आर्थिक, सामाजिक तथा पर्यावरणीय लाभ त छँदैछ त्यसको अतिरिक्त विश्व सामू दिगो विकासको एउटा नमुना पेश गर्ने अवसर समेत नेपालले पाएको छ ।

## परीक्षण क्षेत्र निर्धारण

नेपालका १३ हजार भन्दा बढी सा.व.उ.स. हरु रहेको अवस्थामा सीमित समूहहरुको छनौट गरी परीक्षण कार्यक्रम सुरु गर्नु चुनौतिपूर्ण भएता पनि एलाइन्सको पटक-पटक भेटघाट, छलफल र वैठकबाट विभिन्न आधारहरु तयार गरी सम्भाव्य क्षेत्रको रुपमा वझाङ र दोलखा जिल्लालाई छनौट गरिएको हो । परीक्षणको कार्यमा जिल्ला छनोट गर्नको लागि सा.व. क्षेत्रमा गै.का.व.पै. को संभावना भएको, गै.का.व.पै. को बजारीकरण तथा व्यवसायिकीकरण हुन सक्ने अवस्था रहेको र प्राइभेट पब्लीक एलाइन्सका सदस्यले कार्य सञ्चालन गरिरहेको अवस्थालाई आधार मानी जिल्ला छनौट गरिएको थियो । छनौटका आधारहरु तय गर्ने तथा थुप्रै विकल्पहरु मध्येबाट छनौट गर्ने काम सम्पन्न भएको थियो । एलाइन्सको वैठकको निर्णय अनुसार छनौट भएका दुईओटा जिल्ला भित्र पनि प्रत्येक जिल्लाका ३/४ सय उपभोक्ता समूह मध्ये केही समूहमात्र छनौट गनुपर्ने भएको हुँदा दुवै जिल्लामा फेकोफन जिल्ला शाखा, जिल्ला वन कार्यालय, परियोजनाहरु, एन्सावका प्रतिनिधि तथा अन्य सरोकारवाला सङ्घ संस्थाको सहभागितामा भएको वैठकको निर्णय अनुसार परीक्षणका लागि सा.व. उपभोक्ता समूहहरु छनौट गरिएका थिए । यस प्रक्रियाको लागि जिल्लाको वस्तुस्थिति अनुसारका छनौटका आधारहरु निर्धारण गरिएका थिए । छनौटका आधारहरु सा.व. क्षेत्र भित्र स्रोतको उपलब्धता, सा.व.को क्षेत्रफल, यातायातको पहुँच, समूहले अबलम्बन गरेका व्यवस्थापन प्रक्रिया र क्षमता तथा, समूहको चाहना र प्रतिबद्धता रहेका थिए ।

उक्त आधार अनुसार सुरुमा दोलखामा १६ र वझाडमा ७ ओटा सा.व. उपभोक्ता समूहहरु छनौट भएका थिए । सुरुमा छनौट भएका सबै सा.व.उपभोक्ता समूहहरुले समयमै प्रमाणीकरणका लागि आवश्यक पूर्व तयारी गर्न नसकेता पनि दोलखाका ५ र वझाडका ६ गरी जम्मा ११ ओटा सा.व.उपभोक्ता समूहहरुले प्रमाणीकरणको लागि आवेदन दिन सफल भएका छन् । आवेदक सामुदायिक वन उपभोक्ता समूहहरुको विवरण निम्न अनुसार छ ।

| क्र.सं. | सा.व. उपभोक्ता समूहको नाम | ठेगाना | क्षेत्रफल (हे) | उपभोक्ता घरधुरी संख्या |
|---|---|---|---|---|
| १ | भितेरी | वोच–१ र २ दोलखा | ३७८.५ | २३७ |
| २ | चर्नावती | भिमेश्वर न.पा.- १३ दोलखा | ३८५ | ३१५ |
| ३ | सुष्पा | सुष्पा–६,८ र ९ दोलखा | ६३५.३६ | ३०३ |
| ४ | ठूलो नागी | जिरी- ८ र ९ दोलखा | २३९.५३ | २५७ |
| ५ | कालोभिर | जिरी - ७ दोलखा | ५४५ | २१५ |
| ६ | श्री विनायक पिमी डाँडा | कैलाश–१ र ७ बझाङ | १४२५ | २४० |
| ७ | हेमन्तवाडा | हेमन्तवाडा- १ र ९ बझाङ | १६३५ | ५४४ |
| ८ | रनाडा | कोटदेवल- १,२ र ३ बझाङ | १९८१ | १७८ |
| ९ | लहरे | गडराय–९ बझाङ | ४५८ | ३१९ |
| १० | विनायक | गडराय–९ बझाङ | १६०६ | ८७ |
| ११. | लटौन | रिलु–४ बझाङ | ७२८ | ६५ |
| **जम्मा** | | | **१०,००६.३९** | **२,८६०** |

## स्रोत व्यवस्थापक को हो ?

वन प्रमाणीकरण कार्यमा महत्वपूर्ण पक्ष भनेको स्रोत व्यवस्थापक हो । नेपालको सा.व. को सन्दर्भमा सा.व. उपभोक्ता समूहहरु स्रोत व्यवस्थापक हुन् । परीक्षण चरणमा रहेको यस प्रक्रियाको सुरुआत भर्खरै मात्र भएकोले जनशक्तिको सबै समूहहरुमा पर्याप्त रुपमा विकास हुन सकेको छैन । त्यस्तै प्रत्येक समूहले छुट्टा छुट्टै प्रमाणीकरण प्रक्रियामा जानको लागि लाग्ने लगानी पनि ज्यादा हुन्छ । अझ मुख्य कुरा त फरेष्ट स्टेवार्डसीप काउन्सिल मार्फत मूल्याङकन टोलीले सबै समूहहरुमा पुगेर मूल्याङकन गर्न समेत गाह्रो हुने भएकोले समूहगत रुपमा प्रमाणित गर्न र सोको लागि समूह प्रति उत्तरदायी र प्रतिनिधिमूलक संस्था फेकोफनले प्रमाणीकरण समूहमा आउने सबै समूहको तर्फबाट स्रोत व्यवस्थापकको भूमिका निर्वाह गर्ने गरी प्रमाणीकरण प्रक्रिया अगाडि बढाइएको  छ । हाललाई सबै समूहका व्यवस्थापन बारे फरेष्ट स्टेवार्डसीप काउन्सिल प्रति फेकोफन जवाफदेही रहनेछ । परीक्षण पश्चात् भविश्यमा जिल्ला फेकोफनहरु तथा सा.व. उपभोक्ता समूहहरु स्वयम्ले नै स्रोत व्यवस्थापकको भूमिका निर्वाह गर्न सक्नेछन् भन्ने मान्यता राखिएको छ । यस परीक्षणको क्रममा अन्तर्राष्ट्रिय मान्यता अनुरूप नेपालको सा.व. दिगो व्यवस्थापन भएको कुरा प्रमाणित भएमा वन प्रमाणीकरणको प्रमाण-पत्र फेकोफनले प्राप्त गर्नेछ । सा.व.उपभोक्ता समूहहरुको तर्फबाट प्राप्त गरिने प्रमाण-पत्रको अस्तित्व कायम राख्ने जिम्मेवारी मुख्यत: सम्वन्धित सा.व.उपभोक्ता समूह कै हुने छ भने प्रतिनिधिमूलक सङ्गठन र प्रमाण-पत्र प्रापकका हैसियतले फेकोफन पनि त्यत्तिकै जिम्मेवार बन्नु पर्दछ ।

## वन प्रमाणीकरणमा स्रोत व्यवस्थापकको भूमिका

वन प्रमाणीकरणको मुख्य पक्षको रुपमा रहेको स्रोत व्यवस्थापकले आफ्नो स्रोतको दिगो व्यवस्थापन गर्नुपर्दछ । फरेष्ट स्टेवार्डसीप काउन्सिलले निर्धारण गरेका अन्तर्राष्ट्रिय सिद्धान्त र आधारहरु वमोजिम आफ्नो स्रोतको व्यवस्थापन गरिएको स्रोतमात्र प्रमाणीकरणको लागि योग्य मानिन्छ ।

भनाइ नै छ "प्राकृतिक स्रोतहरु पुर्खाले हामीलाई छोडेर गएको नासो हो जसलाई उपहारको रुपमा भावी सन्ततीलाई बुझाउने जिम्मा हामीमा छ ।" हाम्रो जस्तो विकासोन्मुख देशमा त झन् वनस्रोतको सिधा सम्बन्ध कृषि प्रणालीसँग छ जसमा अधिकांश नेपाली निर्भर रहेका छौ । त्यसैले हाम्रो खेती प्रणालीलाई

दिगो बनाउन पनि वनको दिगो व्यवस्थापन जरुरी छ । वनबाट प्राप्तहुने उत्पादन तथा सेवाहरुलाई निरन्तर रुपमा प्राप्त हुने गरी व्यवस्थापन गर्ने पद्धति नै दिगो व्यवस्थापन हो जसमा सामाजिक, आर्थिक तथा पर्यावरणीय पक्षहरुलाई व्यवस्थित प्रक्रियाबाट समेटिएको हुनु पर्दछ । भन्ने कुरा तल दिइएको सम्बन्धबाट पनि प्रष्ट हुन्छ ।




नेपालको सन्दर्भमा परीक्षणको क्रममा स्रोत व्यवस्थापकको भूमिका निर्वाह गरिरहेको फेकोफनले यस प्रक्रियामा के के भूमिका निर्वाह गरिरहेको छ भन्ने कुरालाई यहाँ सङ्क्षेपमा प्रस्तुत गरिएको छ ।

**स्रोत व्यवस्थापन सम्वन्धी नीति निर्माण तथा कार्यान्वयन**
यस नीतिमा सा.व.को अवधारणा, वर्तमान ऐन कानून, फरेष्ट स्टेवार्डसीप काउन्सिलको सिद्धान्त र मर्मलाई आत्मसात गर्दै फेकोफनको मौजुदा विधान तथा नियमावलीको अधिनमा रही वन व्यवस्थापन मार्गदर्शन, अनुगमन तथा मूल्याकन प्रक्रिया, प्रत्येक निकायको जिम्मेवारी निर्दिष्ट गरिनुका साथै सा.व. व्यवस्थापनको लागि निर्माण हुने विधान र कार्ययोजनाको विषयवस्तुलाई प्रस्तुत गरिएको हुन्छ । त्यसै नीतिको आधारमा विधान तथा कार्ययोजना निर्माण तथा परिमार्जन गर्ने काम हुन्छ ।

**स्रोत व्यवस्थापकको मार्ग दर्शन तयारी तथा कार्यान्वयन**
स्रोत व्यवस्थापनको मार्ग दर्शनमा नीति कार्यान्वयनको लागि आवश्यक संरचना, कार्य प्रणाली, अनुगमन, मूल्याकङ्न परिपाटी आदिको उल्लेख गरिएको हुन्छ । सोही आधारमा फेकोफनले प्रमाणीकरणको लागि केन्द्रिय स्तरमा अध्यक्ष, सचिव र कोषाध्यक्ष रहेको ३ सदस्यीय समिति चयन गरेको छ भने जिल्ला शाखाहरुले समेत ३ देखि ५ सदस्यीय समिति निर्माण गरी कार्यक्रमको कार्यान्वयन गरी रहेका छन् ।

**प्रमाणिकरण एकाई तथा कार्यप्रणाली**
वन प्रमाणीकरणको यस परीक्षण चरणको कार्यक्रमलाई व्यवस्थित रुपमा अगाडि बढाउन फेकोफनले वन प्रमाणीकरण शाखाको स्थापना गरी कार्य थालनी गरेको छ जस अनुसार वन प्रमाणीकरण समूहको मातहतमा रही कार्यक्रम संयोजक र कार्यक्रम प्रबन्धकको व्यवस्था गरेको छ । जस मार्फत फेकोफनले वन प्रमाणिकरणको लागि दिगो वन व्यवस्थापन सम्बन्धी कार्यनीति तयार गरी छनोट भएका जिल्ला शाखाहरु मार्फत कार्य गरीरहेको छ ।

**समग्र सरोकारवाला पक्षहरुको भूमिका**
सा.व.को प्रमाणीकरण कार्यलाई व्यवस्थित रुपमा अघि बढाउनको लागि यससँग सम्बन्धित सबै सरोकारवालाहरुको सहयोग राष्ट्रिय नीति निर्माणदेखि उपभोक्ता समूहको विधान तथा कार्ययोजना परिमार्जन र संस्थागत विकासमा समेत हुनु पर्दछ । श्री ५ को सरकार र मातहतका निकायहरुले प्रमाणीकरण प्रक्रियालाई चुस्त र व्यवस्थित गर्न आवश्यक नीति निर्माण गर्ने, समूहको विधान तथा कार्ययोजना निर्माण र परिमार्जन गरी वैधानिकता दिने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको लागि पहल गर्नुका साथै समग्र प्रक्रियाको सहजीकरण गर्नु पर्ने देखिन्छ । त्यस्तै गै.का.व.पै. नेटवर्कले गै.का.व.पै.

प्रबर्द्धनको लागि पहल र श्री ५ को सरकार तथा समूहसमेतलाई पृष्ठपोषण गर्ने तथा पब्लिक प्राइभेट एलाइन्सले समग्र प्रक्रियामा सहयोग तथा अनुगमन गर्ने भनी छुट्टयाइएको छ ।

## प्रमाणीकरण समूहमा कसरी सामेल हुने ?

हाल नेपालमा सुरुआत वन प्रमाणीकरण प्रक्रिया समूहगत प्रमाणीकरण हो । यस अन्तर्गत उपभोक्ता समूहले स्रोत व्यवस्थापक फेकोफन मार्फत फरेष्ट स्टेवार्डसीप काउन्सिल स्मार्टउडमा आवेदन गर्दछन् । प्रमाणीकरणको लागि तयार हुने सा.व. उपभोक्ता समूहले विधान र कार्ययोजना निर्माण कार्यदेखि नै वन व्यवस्थापन प्रक्रियामा सामाजिक, आर्थिक तथा वातावरणीय पक्षलाई राम्रोसँग समेटेर योजना निर्माण गर्नुका साथै कार्यान्वयन गरेको हुनु पर्दछ । एक पटक मूल्याङ्कन भएपछि ती सा.व. उपभोक्ता समूहहरुले पनि फरेष्ट स्टेवार्डसीप काउन्सिलका सिद्धान्त तथा आधारहरु पूरा गरी प्रमाणीकरणका लागि आवेदन दिन सक्दछन् । यस्ता समूहहरुको हकमा भने स्रोत व्यवस्थापकले आवश्यक अनुगमन तथा मूल्याङ्कन गरी प्रक्रिया पूरा भएको ठहर भएका समूहहरुलाई प्रमाणीकरण भएका समूहहरुको सूचीमा राख्दछ । यसरी थप भएका समूहहरुको जानकारी वार्षिक परीक्षणमा थप गर्नु पर्दछ । हाल नेपालमा सुरु हुन लागेको कार्यक्रमको वार्षिक रुपमा परीक्षण तथा प्रत्येक ५ वर्षमा पुनर्मूल्याकङ्न गर्नुपर्ने प्रावधान छ । एक पटक प्रमाणित भएका समूहहरुको ५ बर्ष पछि हुने मूल्याङ्कनमा दिगो व्यवस्थापनको लागि आवश्यक तीनै पक्ष अन्तर्गतका प्रावधानहरुको असन्तुलन हुनेगरी फेरवदल भएको देखिएमा प्रमाणित समूहबाट हट्छन् । यो समूह प्रमाणीकरण प्रक्रिया आफैमा स्वयम् सेवी प्रक्रिया भएको हुँदा वनका व्यवस्थापकहरुले यस प्रक्रियाबाट भविष्यमा आफूलाई फाइदाहुने अवस्थामा मात्र अगाडि बढ्ने गर्दछन् । प्रक्रियामा जानु अगाडि नै फरेष्ट स्टेवार्डसीप काउन्सिलले निर्धारण गरेका सिद्धान्तहरुलाई आत्मसात् गरेको विधान तथा कार्ययोजना भने तयार हुनु पर्दछ । फरेष्ट स्टेवार्डसीप काउन्सिलले निर्धारण गरेका १० ओटा सिद्धान्तहरु निम्न अनुसार छन् ।

१. राष्ट्रिय कानून तथा फरेष्ट स्टेवार्डसीप काउन्सिलका सिद्धान्तहरुलाई लागू गरेको हुनु पर्नेः यो सिद्धान्तले वनको व्यवस्थापन गर्दा राष्ट्रिय कानुनहरु, अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौता जस्ता कुराहरुलाई लागू गर्ने तथा कदर गर्ने कुरा जाहेर गरेको छ ।
२. वन क्षेत्रको स्वामित्व, प्रयोग गर्ने अधिकार र त्यसमाथिको दायित्व स्पष्ट भएको हुनुपर्नेः यस अन्तर्गत वनका हकदारहरुलाई वनक्षेत्रको दीर्घकालीन व्यवस्थापन र उपयोग गर्ने अधिकारको ग्यारेन्टी गर्नुपर्ने कुराहरु पर्दछन् ।
३. आदिवासी जनताको अधिकारः प्रमाणीकरण हुने वन क्षेत्रसँग सम्बन्धित रहेका आदिवासी जनताहरुले भोगचलन गर्दै आएका सेवा सुविधाहरुबाट उनीहरुलाई वञ्चित गर्न नमिल्ने कुरा यस सिद्धान्तले औंल्याएको छ ।
४. समुदायको सम्बन्ध र कामको अधिकारः वन व्यवस्थापन कार्य समुदाय तथा वनमा काम गर्ने कामदारको दीर्घकालीन आर्थिक तथा सामाजिक हित अनुकूल हुनु पर्ने व्यवस्था गरेको छ ।
५. वनबाट हुने आम्दानीः वन व्यवस्थापनका आर्थिक, वातावरणीय तथा सामाजिक उद्देश्यहरु निरन्तर रुपमा पूरा हुन सक्ने गरी वन व्यवस्थापन पद्धतिबाट बहु आयमिक वनपैदावारको उत्पादन तथा सेवाहरु प्राप्त हुनु पर्ने अवस्थाको उल्लेख यस सिद्धान्तले गरेको छ ।
६. वातावरणीय प्रभावः यस अन्तर्गत जैविक विविधता, जलस्रोत, माटो, संवेदनशील पारिस्थिकीय प्रणाली, दुर्लभ र खतरान्मुख तथा संरक्षित प्रजातीका जन्तु तथा वनस्पतिहरुको संरक्षण तथा प्रवर्द्धन गर्नु पर्ने कुरालाई यस सिद्धान्तले समेटेको छ ।
७. वन व्यवस्थापन योजनाः वन व्यस्थापनको योजना लिखित तथा समयानुकुल हुनका साथै दीर्घकालीन लक्ष्य सुस्पष्ट उल्लेख गरिएको हुनुपर्दछ ।
८. अनुगमन तथा मूल्याङ्कनः वनको अवस्था, उत्पादन, व्यवस्थापन क्रियाकलाप, बजार बीचको सम्बन्ध र सामाजिक तथा पर्यावरणीय प्रभावको अनुगमन तथा मूल्याङ्कन गरिएको हुनु पर्दछ ।

९. संरक्षणको हिसाबले उच्च मूल्य/मान्यता राख्ने वनलाई संरक्षण गर्नुपर्नेः यस सिद्धान्तले क्षेत्रीय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वराख्ने वन क्षेत्र, महत्वपूर्ण जैविक विविधता भएको क्षेत्र, दुर्लभ पारिस्थिकीय प्रणाली, महत्वपूर्ण जलाधार र संवेदनशील भूदृश्य भएको वनक्षेत्रहरुको समूचित संरक्षण गर्नुपर्ने व्यवस्था गरेको छ ।

१०. वृक्षारोपणः वृक्षारोपण गर्दा माथि उल्लेखित नौ ओटै सिद्धान्तहरुको अधिनमा रही आर्थिक तथा सामाजिक हिसाबले फाइदामूलक हुनु पर्ने कुराको निश्चितता यस सिद्धान्तले गरेको छ ।

प्रमाणीकरणको सिद्धान्त तथा राष्ट्रिय स्तरमा तयार पारिएको आधार र सूचकहरुको आधारमा सा.व.को विधान र कार्ययोजना निर्माण भएको वा नभएको कुरा एवम् कार्ययोजना मुताविक काम भए नभएको बारे वनको लेखाजोखा गरी आएको निचोडको आधारमा नै वनको प्रमाणिकरण हुने वा नहुने टुङ्गो लाग्दछ ।

**नेपालमा अभ्यास हुन लागेको प्रमाणीकरणको ढाँचा**




**वनको लेखाजोखा र वार्षिक लेखा परीक्षण**

प्रमाणीकरणको लागि निवेदन दिने वन व्यवस्थापकको निवेदनलाई आधार बनाई फरेष्ट स्टेवार्डसीप काउन्सिलले जिम्मेवारी दिएको अधिकार प्राप्त संस्था (नेपालको सन्दर्भमा स्मार्टउड) ले वनको आर्थिक, सामाजिक र वातावरणीय दृष्टिकोणबाट तथा वन व्यवस्थापकको दक्षता, सीप र पद्धतिको लेखाजोखा गर्ने गर्दछ । प्रथम पटक वनको अवस्था तथा वन व्यवस्थापकको प्रणालीबारे गरिने लेखाजोखालाई वनको लेखाजोखा भनिन्छ । एक पटक मूल्याङकन भएपछि ५ वर्षसम्म मूल्याङकन गर्नु पर्दैन तर मूल्याङकन भई सकेपछि प्रत्येक वर्ष मान्यता प्राप्ति संस्थाको तर्फबाट वार्षिक परीक्षण भने गर्नु पर्दछ । मूल्याङकन तथा परीक्षणमा देखापरेका कमजोरीलाई हटाउने दायित्व वन व्यवस्थापकको हुने गर्दछ । मूल्याङ्कनकर्ताले प्रतिवेदन मार्फत कुनै पनि व्यवस्थापनका प्रावधानहरु उपर पूर्वसर्त तथा सुझाव पेश गरी आफ्नो राय राख्न सक्दछन् । यदि पूर्वसर्त राखेमा यो प्रावधान पूरा नभई उक्त वन प्रमाणीकरण हुँदैन । सर्त राखेमा

तोकिएको समय भित्र उल्लेखित प्रावधानहरु पूरा गर्ने गरी प्रमाणित हुन सक्तछन् भने सुझाव राखेमा उक्त प्रावधान स्वीकार्य भएपनि थप व्यवस्थित गर्नको लागि राखिएको सुझाव भन्ने बुझिन्छ ।

**नेपालमा प्रयोगात्मक परीक्षण गरिएको प्रमाणीकरणका चरणहरू**

प्राइभेट पब्लिक पार्टनरसीपको निर्माण गरी सुरु गरिएको यो प्रमाणीकरण कार्यक्रम अन्तर्गत सञ्चालित क्रियाकलापहरुलाई चरणबद्ध रुपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।



## वन उपभोक्ताको जीविकोपार्जनको सवाल र वन प्रमाणीकरण

वनको दिगो व्यवस्थापनको माध्यमबाट जीविकोपार्जनमा टेवा पुऱ्याउन सकिने थुप्रै सम्भावनाहरुको चर्चा तथा अभ्यासहरुको सुरुआत भएको छ । स्रोतको दिगो व्यवस्थापनबाटै स्थानीय समुदायले आर्थिक तथा भौतिक वस्तु तथा सेवाको प्राप्ति गर्ने छन् । यस प्रक्रियामा वन प्रमाणीकरणले अतिरिक्त उर्जा थप्ने निश्चित छ । स्थानीय व्यक्ति तथा समुदायको जीविकोपार्जनमा वन प्रमाणीकरणले निम्न अनुसार सहयोग पुऱ्याउन सक्ने देखिन्छ ।

- वन प्रमाणीकरणको मुख्य तीन पक्ष (आर्थिक, सामाजिक र वातावरणीय) बाट वनको व्यवस्थापन गरिने भएको हुँदा वनको दिगो व्यवस्थापन हुन्छ । दिगो व्यवस्थापन भएको वनले दिगो रुपमा वस्तु तथा सेवा उत्पादन गर्दछ । त्यस्ता वस्तु तथा सेवाले समुदायको जीविकोपार्जनमा टेवा पुऱ्याउने छ ।
- वन व्यवस्थापन कार्यमा संलग्न कामदार तथा परम्परागत रुपमा वन पैदावार सम्बन्धी ज्ञान तथा सीप भएका वर्गको अधिकारलाई सुनिश्चित गर्ने काम वन प्रमाणीकरणमा हुन्छ । त्यस्ता ज्ञान र सीपको प्रयोगबाट उनीहरुको जीविकोपार्जन हुन सक्दछ ।
- दिगो रुपमा व्यवस्थित वनबाट उत्पादित सामाग्रीलाई अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन सहज हुनका साथै अन्य वनबाट उत्पादित वस्तु भन्दा बढी मूल्यमा विक्रि गर्न सकिनेछ । यसबाट प्राप्त फाईदा वनको व्यवस्थापक, कामदार तथा सम्बद्ध पक्षहरुले प्राप्त गर्नेछन् ।
- वन प्रमाणीकरण गर्ने वन व्यवस्थापकले राज्यद्वारा प्रदत्त सबै कानुनको पालना गर्नुका साथै सबै खाले कर राज्यलाई तिर्ने छन् जुन रकम राज्यले समुदायको जीविकोपार्जनमा खर्च गर्न सक्नेछ ।
- वन व्यवस्थापकहरु स्वयंले उद्योग स्थापना गरी आय आर्जन गर्न सक्नेछन् । यसबाट रोजगारी बृद्धि हुनुको साथै उत्पादित सामाग्रीको मूल्यमा बृद्धि भई आम्दानी बढ्न जान्छ ।

## नेपालमा वन प्रमाणीकरण कार्यका सम्भावना तथा चुनौतीहरु

विविध वनजन्य स्रोत विशेष गरी गै.का.व.पै को प्रचुर संभावना बोकेर पनि हाम्रो देशले यस क्षेत्रबाट खासै फाइदा लिन सकिरहेको छैन । यहाँका ९० प्रतिशत भन्दा बढी गै.का.व.पै.हरु कौडीको मोलमा भारततिर जाने र सङ्कलन श्रमको समेत उचित मूल्य नपाईरहेको अवस्थामा नेपालमा वन प्रमाणीकरणको थालनी भएको छ । अझ कम तौल तर अधिक मूल्य भएका प्रजातीको रूपमा रहेका गै.का.व.पै. सम्बन्धी आन्तरिक निर्देशिका समेत तयार भैसकेको छ जुन नेपाल मापदण्ड बनाउने कुरामा कोशेढुङ्गा सावित हुनसक्ने अवस्था तैयार भैरहेको छ । यसका साथसाथै वन प्रमाणीकरण कार्यमा केही अवसर र चुनौतीहरु पनि देखिएका छन् ।

### अवसरहरु

- विश्वमा नै पहिलो पटक नेपालमा सुरुआत गरिएको समूह प्रमाणीकरण प्रणालीबारे अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार भई अन्य देशहरुले यस पद्धतिको सफलताको समयानकूल अनुसरण गर्न सक्ने देखिन्छ ।
- नेपालका वनजन्य उत्पादनहरु माथि भारतीय बजारको एकाधिकार पहुँच रहेको तर विदेशमा दिगो वन व्यवस्थापनको प्रमाणपत्र नभएको वनबाट आएको वनपैदावर नकिन्ने र महङ्गो भएपनि प्रमाणित वनपैदावार लिने अवस्था रहेकोले कमतौल भए पनि अधिक मूल्य पाउने गै.का.व.पै. ले अन्तर्राष्ट्रिय बजारमा उच्च स्थान लिने बलियो अवस्था देखिएको छ ।
- प्रमाणीकरण भएको वन पैदावरको मूल्य बढी आउने भएकोले सो रकम नेपालका गाउँवस्तीमा पुगी उपभोक्ता समूहको गरिबी न्यूनीकरण कार्यमा टेवा पुग्ने देखिन्छ ।
- प्रमाणित भएका सा.व. ले दिगो वन व्यवस्थापनका आर्थिक, सामाजिक तथा वातावरणीय आधारहरु आत्मासात् गरी वन व्यवस्थापन गर्ने भएकोले समग्र वन व्यवस्थापन प्रणालीमा दिगोपना आउने र

यसले वन मात्र नभई आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषि प्रणालीमा दिगोपना आई समग्र देशको आर्थिक विकासमा सहयोग पुग्ने देखिन्छ ।

**चुनौतीहरु**

- दिगो विकासका लागि सबै वैज्ञानिक आधारहरु समावेश गरी कार्ययोजना बनाउन प्राविधिक ज्ञान, सीप, समय तथा आर्थिक लागत धेरै लाग्न सक्ने भएकोले सबै समूहले यस प्रक्रियामा तत्काल समावेश हुन गाह्रो पर्ने देखिन्छ ।
- भर्खरै मात्र सुरुआत भएको बिल्कुलै नयाँ अवधारणा भएकोले प्रमाणीकरणका अन्तर्राष्ट्रिय सिद्धान्तहरुको मर्म अनुरुप कार्य गर्न सक्ने दक्ष वन व्यवस्थापक तथा सेवा प्रदायकहरूको पर्याप्त विकास भइसकेको अवस्था नभएकोले सबै समूहको वन व्यवस्थापन दिगो रुपमा गर्न कठिन देखिन्छ ।
- सुरुमा सीमित समूहको मात्र प्रमाणीकरण हुन लागेकोले ती समूहबाट अन्तर्राष्ट्रिय बजारले माग गरेजति परिमाणमा वन पैदावार उपलब्ध गराउन कठिनाई हुने तथा खर्चिलो हुन जाने संभावना हुन्छ ।
- बजारमा बारम्बार उतार चढाब आइरहने भएकोले समुदायद्वारा उत्पादित सामग्रीहरुको बजार भाउ निश्चित नहुन सक्ने हुन्छ जसको कारण प्रमाणीकरणको लागि आवश्यक आर्थिक व्ययभार बेहोर्न उपभोक्ता समूहहरु उत्सुक नहुन सक्छन् ।

**निष्कर्ष**

सा.व. विकास पद्धति वन व्यवस्थापनको एक उत्तम विकल्पको रुपमा स्थापित भै सकेपनि यहाँको वनबाट सङ्कलन भै निकासी हुने वन पैदावारले अझ पनि उचित मूल्य पाउन सकिरहेको छैन । स्तरीय वन पैदावर भएर पनि कुनै लिखित प्रमाण नभएकोले अन्तर्राष्ट्रिय बजारमा यहाँको पैदावारको गुणस्तरमा शंका भइरहेको, स्थानीय संकलकहरुले अत्यन्तै न्यून मूल्य पाइरहेको तथा आफ्नो देशको वन पैदावारको अधिकार (प्याटेन्ट राइट) लिइ फाइदा लिन नसकेको वर्तमान अवस्थामा अत्यन्तै ठूलो सम्भावना बोकेको नेपाली वन पैदावार प्रमाणीकरणको लागि थालिएको यो प्रयासमा आवश्यक अनुकूल नीतिगत वातवरण तयार गरी देखिएका संभावित चुनौतीहरु न्यून गर्दै यसको प्रभावकारी कार्यान्वियन गर्न सकेमा यो प्रणालीबाट ठूलो लाभ लिन सक्ने अवस्था देखिएको छ ।

(सामुदायिक वन उपभोक्ता महासङ्घ, नेपालका अध्यक्ष श्री भीम प्रसाद श्रेष्ठ तथा एन्साबका कार्यक्रम प्रबन्धक श्री इन्दु सापकोटाले यो लेख उपर अति महत्वपूर्ण सुझाब, सल्लाह तथा पृष्ठपोषण प्रदान गर्नु भएकोले हार्दिक धन्यबाद दिन चाहान्छौं।)

(लेखकद्वय सामुदायिक वन उपभोक्ता महासङ्घसँग काठमाडौंमा कार्यरत हुनुहुन्छ)